# सर्वोच्च अदालत

## अनुसन्धान तथा योजना महाशाखा

कृपया पत्रोत्तरमा प्राप्त पत्र संख्या, मिति र खाममा विभाग तथा फाँट उल्लेख गर्नुहोला ।

सर्वोच्च अदालत काठमाडौं

रामशाहपथ, काठमाडौं
फोन फ्याक्स ४२५०७४२,
एक्सचेन्ज ४-२६२३९७, ४-२६२३९८ २६०४
४-२६२८०१, ४२५८१२२ २६०५
४-२६२८९५, ४-२५०३१६ २६०६
Email: info@supremecourt.gov.np
Email: research@ supremecourt.gov.np
Website:www.supremecourt.gov.np


पत्र संख्या
च.नं. ६४४२

मिति: २०७९।०३।२४

श्री उच्च अदालतहरु सबै
श्री उच्च अदालतका इजलासहरु तथा अस्थायी इजलासहरु सबै
श्री जिल्ला अदालत सबै
श्री अन्य अदालत तथा न्यायाधिकरणहरु सबै

**विषय: परिमार्जित मासिक र वार्षिक प्रतिवेदनका फारामहरु सम्बन्धमा।**

उपर्युक्त विषयमा न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजनाको मध्यावधि मूल्यांकन प्रतिवेदनले जिल्ला अदालत तथा उच्च अदालतको हकमा गरेको परिमार्जित व्यवस्था तथा हालसम्मको फरक मुद्दा व्यवस्थापन पद्धतिको कार्यान्वयनको अवस्था समेतका आधारमा मासिक र वार्षिक प्रतिवेदनका फारामहरुमा केही परिमार्जन गरी पठाइएको छ। तसर्थ मासिक तथा वार्षिक प्रतिवेदनका परिमार्जित फारामहरु सर्वोच्च अदालतको website बाट डाउनलोड गरी प्रयोग गर्नुहुन र उच्च अदालत तथा इजलासहरुले आफू मातहतका जिल्ला अदालतहरुलाई सर्वोच्च अदालतको website मा राखिएका परिमार्जित फारामहरुको प्रयोग गरी मासिक र वार्षिक प्रतिवेदन पठाउने व्यवस्था मिलाउन आवश्यक सहयोग र समन्वय गर्नुहुन समेत अनुरोध गर्दछु। साथै उक्त परिमार्जित फारामहरुमा विवरण भर्दा कुनै द्विविधा भएमा सर्वोच्च अदालत, अनुसन्धान तथा योजना महाशाखाको इमेलमा पठाउन वा तल उल्लिखित निर्देशनहरुको अन्तिम बुँदामा उल्लेख भएको फोन नं. मा सम्पर्क गर्नुहुन समेत अनुरोध छ। साथै अन्य अदालत तथा न्यायाधिकरणहरुले साविक बमोजिमका फारामहरु प्रयोग गरी मासिक तथा वार्षिक प्रतिवेदन पठाउनु हुन अनुरोध छ।

<u>मासिक तथा वार्षिक प्रतिवेदनका फारामहरु भरी पठाउँदा देहायबमोजिम गर्नु गराउनुहोला।</u>

१. उच्च अदालत, उच्च अदालतका इजलास एवम् अस्थायी इजलास, जिल्ला अदालतहरु र अन्य अदालत तथा न्यायाधिकरणहरुले सर्वोच्च अदालतमा वार्षिक र मासिक प्रगति प्रतिवेदनहरु नियमित रुपमा research@supremecourt.gov.np मा इमेल गरी पठाउनुहोला।
२. वार्षिक तथा मासिक प्रतिवेदनका फारामहरु भर्दा अनिवार्य रुपमा युनिकोडमा टाइप गर्नुहोला।

# सर्वोच्च अदालत

## अनुसन्धान तथा योजना महाशाखा

कृपया पत्रोत्तरमा प्राप्त पत्र संख्या, मिति र खाममा विभाग तथा फाँट उल्लेख गर्नुहोला ।

रामशाहपथ, काठमाडौं

फोन फ्याक्स ४२५०७४२,

एक्सचेन्ज ४-२६२३९७, ४-२६२३९८ / ४-२६२८०१, ४२५८१२२ / ४-२६२८९५, ४-२५०३१६ — २६०४ / २६०५ / २६०६

Email: info@supremecourt.gov.np

Email: research@ supremecourt.gov.np

Website: www.supremecourt.gov.np


पत्र संख्या

च.नं.

सर्वोच्च अदालत काठमाडौं

३. इमेलबाट प्रतिवेदन तयार गरी पठाउँदा कुन सालको कुन महिनाको प्रतिवेदन हो सो कुरा अनिवार्य खुलाउनुहोला।

४. प्रतिवेदनका फारामहरु तयार गरी पठाउँदा microsoft excel work sheet फरमेटमा निर्धारित फारामहरु तयार गरी पठाउनुहोला।

५. वार्षिक प्रतिवेदनको Soft copy मिति २०७९ श्रावण महिना १५ गतेभित्र अनुसन्धान तथा योजना महाशाखाको इमेल research@supremecourt.gov.np तथा मूल प्रति Hard copy अनुसन्धान तथा योजना महाशाखामा यथाशीघ्र पठाउनुहोला।

६. प्रतिवेदनका फारामहरु Excel Worksheet मा निर्माण गरिएकोले पर्याप्त विवरण नदेखिएमा Row र Column मा लुकेको पनि हुन सक्ने हुँदा सो हेर्नुहुन र फारामहरुमा पूर्णरुपमा सबै विवरण भर्ने तथा तथ्यांक नभएको खाली स्थानमा "0" शुन्य राखी भरेर प्रत्येक फाराममा कूल जम्मा गरी विवरणहरु क्रस रूजु समेत गरी पठाउनुहोला।

७. वार्षिक र मासिक प्रतिवेदनमा उल्लेख गरिएको तथ्यांक सम्बन्धित अदालतको दायरी किताबहरुमा भएको विवरण र (CMS) Case management system को Software को तथ्यांकसँग भिडाई पठाउनुहोला। एकरुपता कायम गर्ने सम्बन्धमा द्विविधा परेमा सर्वोच्च अदालतको सूचना प्रविधि महाशाखामा समन्वय गर्नुहोला।

८. वार्षिक तथा मासिक प्रतिवेदन तयार गर्ने कर्मचारीको नाम, थर र सम्पर्क मोवाइल नम्वर अनिवार्यरुपमा फाराम नं. १ मा खुलाउनुहोला।

९. यस विषयमा थप जानकारी आवश्यक परेमा सर्वोच्च अदालतको फोन नं. ०१४२००७२२ तथा उप रजिस्ट्रार श्री तिलक कार्कीको मोवाइल नं. ९८४२०४१७६३ मा सम्पर्क गर्नुहोला।

१०. मासिक र वार्षिक प्रतिवेदन पठाउँदा वेवसाइटमा रहेका नयाँ फारामहरु एकिन गरी विवरण भरी पठाउनुहोला।

भद्रकाली पोखरेल

सह रजिस्ट्रार

अनुसन्धान तथा योजना महाशाखा